# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
**Kaski, Nepal**

चलानी नं.:/Ref. No. २०७८/२०७९

मिति: २०७८।१०।१३

**पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्तिको उत्तिर्ण सूचि (Pass List) मा समावेश भएका उम्मेदवारहरुलाई कक्षा १२ को Transcript र Character Certificate अनलाइन मार्फत अपलोड गर्न समय थप गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८ बाट मिति २०७८।१०।०१ गते प्रकाशित भएको विज्ञान तथा प्रविधि संकाय समूह क, विज्ञान तथा प्रविधि संकाय समूह ख, व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकाय स्नातक तह छात्रवृत्तिको उत्तिर्ण सूचि (पास लिष्ट) मा समावेश भएका उम्मेदवारहरुलाई मिति २०७८।१०।०९ गतेसम्म ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फतनै अपलोड गर्न सूचनागरी जानकारी गराउदा देशको विभिन्न क्षेत्रहरुबाट राष्ट्रिय परीक्षा बोर्डले उपलब्ध गराउदै आएको कक्षा १२ को ट्रान्सक्रिप्ट र सम्बन्धित शैक्षिक संस्थाले उपलब्ध गराउने चारित्रिक प्रमाणपत्रमा हस्ताक्षर गर्ने प्रमुख व्यक्ति कोभिड १९ बाट संक्रमित भइ होम आइसोलेसनमा बस्नु पर्दा ट्रान्सक्रिप्ट प्राप्त गर्नबाट बन्चित हुन पुगेका उम्मेदवारहरुले तोकिएको समयसीमाभित्र ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत अपलोड गर्न नपाएको **र प्राविधिक धार तर्फको विभिन्न विषयमा अध्ययनरत उम्मेदवारहरुको शैद्धान्तिक परीक्षा सकिएको भएतापनि पाठ्यक्रममा आधारित OJT (on the job training) नसकिएकोले उनीहरुले समेत ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत अपलोड गर्न नपाएको** साथै विभिन्न निवेदकहरुको निवेदन र नेपाल विद्यार्थी संघ पोखरा विश्वविद्यालय मुल इकाई समितिको मिति २०७८।१०।१० गतेको विज्ञप्तीका सम्बन्धमा समेत मिति २०७८।१०।१२ गते बसेको छनौंट समितिको बैठकमा छलफल हुदा नेपाल सरकार संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प.सं.२०७८।०७९ च.नं.५७६ मिति २०७८।१०।०६ गतेको परिपत्रलाई समेत ध्यानमा राखी मिति २०७८।१०।०१ गते प्रकाशित उत्तिर्ण सूचिमा समावेश भइ ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत अपलोड गर्न तोकिएको मिति २०७८।१०।०९ गतेसम्मको समय सीमाभित्र पनि ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत अपलोड गर्न असमर्थ हुनुभएका उम्मेदवारहरुलाई एकपटकको लागी पुनः डकुमेन्ट अपलोड गर्न मिति २०७८।१०।१३ गतेदेखि मिति २०७८।१०।१९ गते बुधबारसम्मको समय थप गरिएको व्यहोरा सम्बन्धित सबैको लागी जानकारी गराइन्छ ।

.....................

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८

P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039